भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४६औं बैठकका निर्णयह
२०८२/०५/१२

# भीमेश्वर नगरपालिका

## चरिकोट, दोलखा

## नगर कार्यपालिकाको ४६औं बैठकका प्रस्तावहरु

मिति २०८२/०५/१२ गते

१) शिव ताल आयोजनालाई बहुबर्षीय आयोजनामा समावेश गर्न अनुरोध गर्ने तथा उक्त आयोजनाको प्रारम्भिक वातावारणीय प्रभाव मुल्यांकन गर्ने सम्वन्धमा ।

२) महिला आत्मनिर्भर कार्यक्रमको भुक्तानी सम्वन्धमा ।

३) यस नगरपालिकाको भवन नियमित तथा अभिलेखीकरण कार्यविधि, २०८२ स्वीकृत तथा आवश्यक अन्य कार्यविधिहरु तयारी सम्वन्धमा

४) शिक्षा अधिकृत सातौं श्री धर्मिला कार्कीको पदस्थापनको अनुमोदन सम्वन्धमा ।

५) कर्मचारी पदपूर्ति सम्वन्धमा ।

६) शोक बिदा अनुमोदन सम्वन्धमा ।

७) मुहान दर्ता सम्वन्धी निर्णय अनुमोदन सम्वन्धमा ।

८) एक वडा एक कृषि उत्पादन कार्यक्रम छनौट सम्वन्धमा ।

९) वडा नं. ८ निवासी धनलाल तामांगलाई सहयोग गर्ने सम्वन्धमा ।

१०) वडा नं. ३ निवासी बाबुराम बराललाई सहयोग गर्ने सम्वन्धम ।

११) कार्यक्रम संशोधन सम्वन्धमा ।

१२) स्थानीय शासन/सरकार सवलीकरण असल अभ्यास राष्ट्रिय कार्यशाला कार्यक्रम सन्चालन गर्ने सम्वन्धमा ।

१३) सङ्घीय/प्रदेश सरकार अन्तर्गतका आयोजनाहरुको संशोधनका लागि अनुरोध गर्ने सम्वन्धमा ।

१४) डिही फसिभै एकिकृत वस्तीको योजना निर्माण (फिल्ड सर्भेक्षण कार्य) कार्यको म्याद थप सम्वन्धमा ।

१५) नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत सन्चालन हुने आयोजनाहरु सम्वन्धमा ।

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

भामरवर नगरपालका

नगर कार्यपालिकाको ४६औं बैठकका निर्णयह

२०८२/०५/१२

**निर्णय नं. १ :** भीमेश्वर नगरपालिका वडा नं. ९, खरिढुंगामा रहेको शिव पोखरीलाई विस्तार गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम शिव तालमा रुपान्तरण गर्न सङ्घीय सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट चालु आ.व.२०८१/०८२ मा रु ३ करोड बिनियोजन भएकोमा सो रकमबाट आयोजना सम्पन्न गर्न रकम अपुग हुने, पर्यटन प्रवर्द्धनको दृष्टिले दोलखा जिल्लाकै गौरबको आयोजना भएकोले उक्त आयोजनालाई DPR बमोजिम सम्पन्न गर्नका लागि बहुवर्षीय आयोजनामा समावेश गर्न सङ्घीय सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा पर्यटन विभागमा अनुरोध गर्ने साथै उक्त तालको प्रारम्भिक वातावारणीय प्रभाव मूल्यांकन (IEE) गर्ने निर्णय गरियो। साथै बागमती प्रदेश सरकारबाट भीमेश्वर रङ्गशाला निर्माण गर्न रु २ करोड ७० लाख बजेट बिनियोजन भएकोमा उक्त बजेट अपुग हुने हुँदा उक्त आयोजनालाई बहुबर्षीय आयोजनामा समावेश गरी कार्यान्वयन गर्न बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, युवा तथा खेलकुद मन्त्रालय/प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :** आ.व. २०८१/०८२ मा महिला आत्मनिर्भर कार्यक्रम अन्तर्गत दुई चरणको तालिम बाट १७७ जना सहभागि छनौट भई सम्झौता समेत भईसकेको अवस्थामा बजेट अभावको कारण सम्झौता बमोजिमको रकम भुक्तानी गर्न नसकिएको हुँदा चालु आ.व. २०८२/०८३ को सि.नं. १८२ को महिला आत्मनिर्भर कार्यक्रमबाट प्रति व्यक्ति रु १५,०००/- (पन्ध्र हजार) का दरले अनुदान उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ३ :** यस नगरपालिकाको भवन नियमित तथा अभिलेखीकरण कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो। साथै नगर कार्यपालिकाको ४५औं बैठकबाट गठित कार्यदलले पेश गरेको मस्यौदा कार्यविधिहरु र सामुदायिक वन व्यवस्थापन कार्यविधि समेत तयार गरी सो को अध्ययन गरी/गराई आगामी कार्यपालिकाको बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ४ :** बागमती प्रदेश लोक सेवा आयोगबाट यस कार्यालयमा सिफारिस भई आउनुभएकी शिक्षा अधिकृत (सातौं) श्री धर्मिला कार्कीलाई यस कार्यालयबाट मिति २०८२/०४/३० गतेको (उपसचिवस्तरीय) निर्णय अनुसार गरिएको नियुक्तिलाई अनुमोदन गर्दै स्थानीय सेवा (गठन तथा सन्चालन) ऐन, २०७९ को दफा १७ (१) को उपदफा बमोजिम शिक्षा अधिकृत (सातौं) तहमा पदस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ :** भीमेश्वर नगरपालिका वडा नं. ५ स्थित किराँतीछाप शहरी स्वास्थ्य केन्द्रमा रिक्त अ.न.मी. पद १ पदपूर्तिका लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

त्रिशक्तसेन ढकाल

**निर्णय नं. ६ :** यस कार्यालय अन्तर्गत पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा सहायक ईन्जिनियर (अधिकृतस्तर छैटौं) पदमा कार्यरत लिला बहादुर जिरेलको सम्वत् २०८२ साल साउन ३० गते शुक्रवारका दिन असामायिक निधन भएकोमा यस नगरपालिका परिवार स्तव्ध भएको छ । यो कठिन घडीमा उहाँप्रति भावपूर्ण श्रद्धान्जली र शोकसन्तस परिवारजनमा समवेदना प्रकट गर्दछौ । राष्ट्रसेवक कर्मचारीको रुपमा उहाँले सार्वजनिक सेवा मार्फत यस नगरपालिकामा पुर्याउनु भएको योगदानको उच्च सम्मान गर्दै सम्वत् २०८२ साल भदौ १ गते आईतावारको दिन अत्यावश्यकीय सेवा बाहेक भीमेश्वर नगरपालिका कार्यालय र अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरुमा दिईएको शोक विदाको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** भीमेश्वर नगरपालिका वडा नं ७ मा अवस्थित थलथले मुहान खानेपानी तथा सरसफाई उपभोक्ता समितिले मुहान दर्ताको लागि निवेदन दिएको र आवश्यक प्रकृया पुरा गरी भीमेश्वर नगरपालिका अन्तर्गत रहेको जल उपयोग व्यवस्थापन समितिको बैठकबाट तपशिल बमोजिमको मुहान दर्ताको लागि नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय भइ आएको हुँदा उक्त मुहान दर्ता गर्ने निर्णय गरियो ।

| क स. | उपभोक्ता समितिको नाम | ठेगाना | मुहानको नाम |
|---|---|---|---|
| १ | थलथले मुहान खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भीनपा ७ | भीमेश्वर नगरपालिका वडा नं ७ मा अवस्थित लिसेपानी सामुदायिक वन क्षेत्रमा पर्ने थाले भिर र आत्मारा सिरको मुहान । |

**निर्णय नं. ८ :** प्रदेश सरकार, कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौडाको समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सहभागि हुन प्रस्ताव पत्र पेश गर्ने सूचना सम्वन्धमा कृषि सेवा तर्फ वडा नं. ८ मा किवी खेती र पशुपन्छी तर्फ वडा नं. ६ मा गाईपालन कार्यक्रम छनौट गर्ने र सो सम्वन्धी प्रस्ताव पत्र प्रदेश सरकार, कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौडामा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ९ :** यस वर्षको अविरल वर्षाको कारण भीमेश्वर नगरपालिका वडा नं. ८ बस्ने धनलाल तामांगको पक्की घर छेउमा पहिरो गई पूर्ण क्षति भएको, स्थायी बसोबासका लागि निजको अन्य स्थानमा बस्न योग्य जग्गा नभएको हुँदा निजको परिवारलाई अन्यत्र पुनर्स्थापनाका लागि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** गत वर्षको असोज ११ र १२ गते परेको अविरल वर्षाको कारण भीमेश्वर नगरपालिका वडा नं. ३ बस्ने बाबुराम बरालको घर छेउमा पहिरो गई आंशिक क्षति भएकोले उक्त घर पुनर्निर्माणका लागि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको ४६औं बैठकका निर्णयह
२०८२/०५/१२

**निर्णय नं. ११ :** भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमको ब.सि.नं. ८०३२३४०२१०५, भीमेश्वर नगरपालिका- शिक्षा, सि.नं. १०४ मा उल्लेख भएको क्षमावती मा.वि. स्रोत व्यक्ति पारिश्रमिकको लागि व्यवस्था भएको रु ६,००,०००/- (छ लाख) लाई संशोधन गरी क्षमावती मावि नगर शिक्षक अनुदान कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :** भीमेश्वर नगरपालिकाको आयोजना तथा द एसिया फाउन्डेशन - स्थानीय सरकार सवलीकरण कार्यक्रमसँगको सहकार्यमा यहि कर्त्तिक २७ र २८ गते **स्थानीय शासन/सरकार सवलीकरण असल अभ्यास राष्ट्रिय कार्यशाला/Round Table Workshop** कार्यक्रम सन्चालन गर्ने तथा सो कार्यक्रम आयोजना तथा व्यवस्थापनका लागि तपसिल बमोजिमको समितिहरु गठन गर्ने निर्णय गरियो ।

मूल आयोजक समिति

| | |
|---|---|
| संयोजक | नगर प्रमुख |
| सदस्य | नगर उपप्रमुख |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | वडा अध्यक्षहरु/कार्यपालिका सदस्यहरु |

**कार्यक्रम व्यवस्थापन समिति**

| | |
|---|---|
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | नारायण प्रसाद सेढाई बरिष्ठ शाखा अधिकृत |
| सदस्य | देव कुमार गिरी, बरिष्ठ लेखा अधिकृत |
| सदस्य | ई सुरेश राउत, ईन्जिनियर |
| सदस्य | ई. नारायण प्रसाद शिवाकोटी, ईन्जिनियर |
| सदस्य | ज्ञानु कुमार खड्का, शाखा अधिकृत |
| सदस्य | मंगला मानन्धर, अधिकृत |
| सदस्य | चेतना भण्डारी, सूचना प्रविधि अधिकृत |
| सदस्य | अर्जुन लामा, सामाजिक परिचालक |
| सदस्य | थिर बहादुर थापा (रविन), स्थानीय सरकार सवलीकरण कार्यक्रम |

विश्वकोष ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ४६औं बैठकका निर्णयह

२०८२/०५/१२

**निर्णय नं. १३ :** बागमती प्रदेश सरकारका विभिन्न मन्त्रालय वा अन्तर्गतका निकायहरुबाट यस नगरपालिकालाई आ.व. २०८२/०८३ मा बिनियोजन भएका आयोजना तथा कार्यक्रमहरुको कार्यक्षेत्र/प्रकृति र ठेगाना फरक परेका तपसिलका आयोजनाहरुको संशोधनका लागि तपसिलका निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स | आयोजनाको विवरण | | अनुरोध गर्ने निकाय |
|---|---|---|---|
| | साविकमा भएको | हुनुपर्ने | |
| १ | दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं, ३ बाल मन्दिर परिसर पूर्वाधार निर्माण | दोलखा जिल्ला भीमेश्वर नगर पालिका वडा नं, २ बाल मन्दिर परिसर पूर्वाधार निर्माण | शहरी विकास मन्त्रालय, काठमाडौं |
| २ | बिपि स्मृति पार्क निर्माण, भीनपा ५ | बिपि स्मृति पार्क निर्माण, भीनपा ६, सिमखर्क | पर्यटन विकास आयोजना, काठमाडौं |
| ३ | सुर्के मावि पहिरो नियन्त्रण, भीनपा ९ खरिढुंगा, रु १५ लाख | सुर्के मावि पहिरो नियन्त्रण, भीनपा ९ भण्डारे, रु १५ लाख | भु तथा जलाधार कार्यालय, दोलखा |
| ४ | सरसफाई केन्द्र पहिरो नियन्त्रण, भीनपा १ | सरसफाई केन्द्र पहिरो नियन्त्रण, भीनपा ६ | |
| ५ | पाखाटोल खोला पहिरो रोकथाम, भीनपा ६ | पाखाटोल खोला पहिरो रोकथाम, भीनपा ३ | |
| ६ | रामकोट वस्ती तथा मन्दिर पहिरो नियन्त्रण, भीनपा ३ | रामकोट वस्ती तथा मन्दिर पहिरो नियन्त्रण, भीनपा ६ | |
| ७ | घ्याङचौर पहिरो नियन्त्रण, भीनपा १० | घ्याङचौर पहिरो नियन्त्रण, भीनपा ६ | |
| ८ | मर्यांगखोला फापाचु सिंचाई योजना, भीनपा ३ | पाण्डाई सिंचाई योजना, भीनपा ३ | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय, दोलखा |
| ९ | मोक्सिला माटी खानेपानी योजना, भीनपा ५ | घोक्सिला माटी खानेपानी योजना, भीनपा ५ | खानेपानी तथा सरसफाई सव डिभिजन, दोलखा |
| | सोलार बत्ती, भीनपा ८ (सि.नं. १०४) | सडक बत्ती, भीनपा ८ | भीमेश्वर न.पा. |

**निर्णय नं. १४ :** भीमेश्वर नगरपालिका वडा नं. ४ जिलुस्थित डिही फसिभै एकिकृत वस्तीको योजना निर्माण (फिल्ड सर्भेक्षण कार्य) कार्यको म्याद कार्तिक १५, २०८२ सम्म थप गर्ने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ४६औं बैठकका निर्णयह

२०८२/०५/१२

**निर्णय नं. १५ :** नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत सन्चालन हुने तपसिल बमोजिमका आयोजनाहरु आ.व. २०८२/०८३ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. स | आयोजनाको नाम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| १ | डाँडागाउँ कृषि सडक | भीनपा २ | १०,००,०००/- |
| २ | कारागार अदालत सडक | भीनपा ३ | १०,००,०००/- |
| ३ | कोले कृष्णरे कर्कले पक्की बाटो | भीनपा ४ | १०,००,०००/- |
| ४ | ढुंगे धारा प्रतिक्षालय वडा कार्यालय नाला तथा गाईघाट व्यवस्थापन | भीनपा ५ | १०,००,०००/- |
| ५ | टासी तामांग गुम्बा | भीनपा ६ | १०,००,०००/- |
| ६ | ओडारे सुईरे च्यानडाँडा दाहसंस्कार स्थल निर्माण तथा फुलमती गोरेटो बाटो निर्माण | भीनपा ८ | १०,००,०००/- |
| ७ | भीमेश्वर प्रवेशद्वार क्षेत्र थप पूर्वाधार निर्माण | भीनपा ९ | १०,००,०००/- |
| ८ | शान्ति थामी चौतारो बाउन काटे एक्ले चौर सडक | भीनपा ९ | १०,००,०००/- |
| ९ | लामाचौर खोल्सी पहिरो नियन्त्रण कार्य | भीनपा ३ | २०,००.०००/- |
| १० | डाउन टाउन पार्क पहुँच मार्ग निर्माण | भीनपा ३ | २०,००.०००/- |
| ११ | बसपार्क पूर्वाधार निर्माण कार्य | भीनपा ३ | २०,००.०००/- |
| १२ | पशुपतिडाँडा सिटि हल रेलिंग कार्य तथा सातदोवाटो गार्डेन | भीनपा ३ | १०,००,०००/- |
| **जम्मा** | | | १,५०,००,०००/- |

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय